नगर उप-प्रमुख श्री सञ्जु कुमारी चौधरी ज्यु बाट प्रस्तुत

कोहलपुर नगरपालिकाको आ.व.:-२०७५/०७६ को बजेट बक्तब्य

# कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर,बाँके

## (५ नं. प्रदेश)

# कोहलपुर नगरपालिका

**तेस्रो नगर सभा**
२०७५ असार १०

**आ.व. :-२०७५/०७६ को बजेट बक्तव्य**

कोहलपुर नगरपालिकाको तेस्रो नगर सभाका आदरणिय सभाध्यक्ष ज्यू ,यस सभामा उपस्थित नगर सभाका सम्पुर्ण सभासद् ज्युहरु म यहाँहरु सवैलाई हार्दिक अभिवादन गदै आ. व.२०७५/०७६को आय-व्ययको बजेट पेश गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यु,**

१.नेपालमा तीनै तहको सरकार गठन भईसकेको छ । नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन् । स्थानीय निर्वाचन मार्फत हामीआएको पनि १ वर्ष हुँदैछ । स्थानीय तहमा अधिकार, जिम्मेवारी तथा श्रोत साधन सम्पन्न स्थानीय सरकारको गठन भएको छ । यस शिलशिलामा एकातिर स्थानीय तहमा जनताको चाहाना अनुसार जनताकै घरदैलोमा जनतालाई सेवा सुविधा पुगाउनु पर्नेछ । अर्कोतर्फ  आर्थिक सामाजिक भौतिक लगाएतका सवै क्षेत्रको उन्नति गर्दै सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा  प्रस्थान  गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारका सामु आएको छ । यी र यस्तै जिम्मेवारी बहनको अवस्थामा कोहलपुर नगरपालिकाको आ. व. २०७५/०७६ को आय-व्ययको बजेट यस कोहलपुर नगरपालिकाको गरिमामय तेस्रो नगर सभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेकी छु ।

२.शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन, लोकतन्त्र र स्वतन्त्रताको रक्षाको लागि आफ्नो जीवन उत्सर्ग गरी विभिन्न आन्दोलनहरुमा बीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पुर्ण सहीदहरु प्रति म हार्दिक सद्धासुमन अर्पण गर्न चाहन्छु ।नेपालको लामो राजनैतिक संक्रमणकाललाई नेपालका राजनेताहरुले आपसी सहकार्य, समन्वय र साझेदारीका माध्यामबाट तिनै तहको निर्वाचन मार्फत लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सफल भएकोमा सम्पुर्ण राजनेताहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

३.सामाजिक, भाषिक तथा सांस्कृतिक विविधताले भरिपुर्ण यस सुन्दर कोहलपुर नगरीलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने उच्च संम्भावनायुक्त नगरको रुपमा विकास गरी यस नगरका जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने कार्यभार हाम्रो सामु रहेको छ ।

४.तीब्र शहरीकरण तथा बसाईसराईको उच्च चाप भएको यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, शिक्षा लगाएतका पुर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्नु पर्ने टड्कारो आवश्यक्ता  एकातिर रहेको छ भने अर्कोतिर अव्यवस्थित बसोबासका कारण सृजित सरकारी, ऐलानी तथा पर्ति जग्गाको अतिक्रमणका बीचमा त्यस्ता जमीनको संरक्षण गर्नुपर्ने चुनौतिपुर्ण दायित्व नगरपालिकाका सामु  विद्यमान रहेकोछ ।

५.यस नगरपालिका भित्र वसोवासगरिरहेका भुमिहिन गर्न्धब, वादी, राजी, चिडिमार जस्ता अति गरीव, विपन्न र लोपोन्मुख समुदायको आर्थिक सामाजिक विकास गरी विकासको मार्गमा मुलप्रवाहीकरण गर्नका लागि न्यायोचित र सन्तुलित तवरले विकासका कामहरु गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

६. हजारौ वर्ष देखि उपेक्षित उत्पीडित अवस्थामा रहेका दलित , महिला, तेस्रो लिंगि,  आदिवासी जनजाति,थारु, मुस्लिम, मधेसी,मुक्त कमैया कम्लहरी लगायतका समुदायहरुको शसक्तिकरण र क्षमता विकासका कामहरुमा लगानी बढाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

७.कृषि योग्य भुमिमा सिंचाईको पर्याप्त सुविधा नहुँदा **कृषि तथा पशुपालन व्यवसयाय**बाटकृषक तथा कृषि उद्यमीहरुले आफ्नो उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रयाप्त लाभ लिन सकिरहेका छैनान । यसका लागि कृषि तथा पशुपालन क्षेत्रको

सन्तुलित विकास र विस्तारलाई प्राथमिकताका साथ अघि वढाउनु पर्ने आवश्यक्ता रहेको छ । अर्केतर्फ पर्यटन र बनमा आधारित घरेलु, साना तथा कुटिर उद्योगको विकासबाट रोजगारी एवं आयआर्जनका अवसरहरुको सृजना गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

८. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको प्रभावकारी रुपमा परिचालन गरी बन तथा वातावरणको संरक्षण गर्दै पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, एकीकृत सहरी विकास, उद्योग व्यापार लगाएत विभिन्न क्षेत्रको सन्तुलित विकासलाई एकैसाथ समानान्तर रुपमा अघि वढाउनु अहिलेको प्राथमिकता र आवश्यक्ता देखिएको छ ।

९. चालु आवको १ वर्षको समयावधिमा नगरपालिकाबाट उपलब्ध हुने विभिन्न किसिमका सेवाहरुलाई १२ वटा वडा कार्यालयको स्थापना गरी सम्बन्धित वडा कार्यालयहरुबाट नै सेवा प्रदान गर्न सकिएको अवस्था छ । वडा कार्यालयहरुको आफ्नै कार्यालय भवन नभएका कारण भाडाको घरमा कार्यालय संचालन गर्नुपर्दा पर्याप्त कार्यलय कक्षहरु, बैठक कक्ष, स्टोर लगाएतको स्थानको अभावका कारण कार्य संपादनका असहजता र कठिनाइ उत्पन्न भएको छ

१०. स्थानीय सरकार संचालन ऐन अनुसार न्यायिक समितिले गर्ने फैसलाको कार्य ईजलास कक्ष र न्यायिक समितिको आवश्यक बजेट अभावका कारण प्रभावित भएको अवस्था रहेको छ ।

११.बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गरी तथा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गरिएको **स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)**को अनुशरण गर्दै आ. व. २०७५/०७६ को यो बजेटको खाका तयार गरिएको छ । नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन-२०७४ मा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिवद्ध मौलिक हकहरु, चौधौं राष्ट्रिय योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको आ.व. :२०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट नीतिलाई समेत आधारमानी स्थानीय आवश्यक्ता र जनचाहाना अनुरुप Buttom to Top Approach एवं सहभागितात्मक तथा पारदर्शी पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ ।

१२. **आ. व. २०७५/०७६ को यस बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।**

- स्थानीय पुर्वाधारहरुको विकास र विस्तार गर्ने
- रोजगारी तथा स्वरोजगारीको श्रृजना गर्ने
- उत्पादन र उत्पादकत्व बृद्धि गर्ने
- कोहलपुर नगरको पहिचान स्थापित हुने खालका तथा गौरबका योजनाहरु सञ्चालन गर्ने
- कृषिको आधुनिकीकरण व्यावसायीकरण र यान्त्रिकीकरण गर्ने
- नगरपालिकाका सवै वडाहरुमा स्तरीय सडकमार्गको विस्तार गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अधिवृद्धि गर्ने
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने
- सक्षम र सुदृढ स्थानीय सुशासन तथा सेवा प्रवाहको विकास गर्ने

१३. **आ व २०७५/०७६ को यस बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन् ।**

- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने
- राजस्व परिचालनमा योगदान पुर्‍याउने
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिबृद्धि गर्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने

- दीगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने
- समुदायलाई विपद तथा जलबायु परिवर्तन उत्थानशील बनाउने
- कोहलपुर क्षेत्रको संस्कृति र पहिचान प्रवर्धन गर्ने
- विगतमा सञ्चालनमा आएका तथा अधुरा रहेका योजना पुरा गर्ने
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- समुदायलाई विपद तथा जलबायु परिवर्तन उत्थानशील बनाउने

१४. **आ. व. २०७५/०७६ को यस बजेटका प्रमुख चुनौतिहरु यस प्रकार रहेका छन्।**

- जनताको विकास प्रतिको तीब्र र अत्यधिक चाहाना
- सिमित श्रोत साधन
- राजस्व परिचालनमा कठिनाई
- तिब्र शहरीकरण
- सुकम्बासी तथा भूमिहीनहरुको अव्यवस्थित तथा अतिक्रमित बसोबास
- प्राकृतिक विपद तथा प्रकोप
- कमजोर संस्थागत क्षमता

१५. **आ. व. २०७५/०७६ को यस बजेटका लागि प्रमुख संभावनाहरु यस प्रकार रहेका छन्।**

- राजस्वको व्यापक क्षेत्र र दायरा
- विकासमा उल्लेख्य जनसहभागिता
- आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको संभावना
- नेपालको मध्य तथा सुदुर क्षेत्रको यातायातको हब
- स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारिक तथा आवासिय केन्द्र
- कृषि तथा पशुपालनमा बजारीकरणको संभावना
- विकासमा जनसहभागिता र लागत साझेदारी गर्न सकिने

**आदरणीय सभाध्यक्ष ज्यु ,**

अव म गत आ. व. २०७४/०७५ को संसोधित आय व्यय र आ. व. २०७५/०७६ को अनुमानित आय-व्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

१६.आ. व.२०७४/०७५ मा राजस्वको लक्ष्यरु.४,४८,७०,०००।-(चार करोड अठ्चालिस लाख सत्तरी हजार) मा चालु आवको अषाढ मसान्त सम्म राजस्व संकलन रु ३,२७,००,०००।- (तिन करोड सत्ताईस लाख रुपैया) हुने संसोधित अनुमान रहेको छ । यो रकम कुल लक्ष्यको ६७ प्रतिशत रहने आंकलन गरिएको छ ।

१७. चालु आ.व.मा चालु खर्च तर्फ रु. ८,७९,६७,२००।- (आठ करोड उन्नासीलाख सत्तसट्टी हजार दुई सय रुपैया) र पुंजिगत तर्फ रु.३१,९४,२०,८००।- (एकतिस करोड चौरानब्बे लाख विस हजार आठ सय मात्र) विनियोजन भएकोमा अषाढ मसान्त सम्म विनियोजित बजेटको ९२ प्रतिशत खर्च हुने संसोधित अनुमान गरिएकोछ ।

१८. आ. व. २०७५/०७६ का लागि राजस्व तर्फ राजस्व परामर्श समितिको सिफारिसमा कुल रु ५,००,६०,०००।- (पाँच करोड साठीहजार ) को लक्ष्य राखिएको छ । राजस्वको लक्ष्य सम्वन्धी विस्तृत विवरण **अनुसूची १ मा** संलग्न छ । आ. व. २०७५/०७६ का लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त बजेट

अख्तियारी अनुसार सशर्त अनुदान तर्फ रु.२२,४६,००,०००।- (बाईस करोड छयालिस लाख),वित्तीय समानीकरण अनुदान तर्फ रु.१८,३५,००,०००।- (अठारकरोड पैंतिस लाख) र राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.११,७३,५८,०००।- (एघार करोड त्रिहत्तर लाख अन्ठाउन्न हजार) र ५ नं.प्रदेश सरकारबाट प्राप्त बजेट अख्तियारी अनुसार सशर्त अनुदान तर्फ रु.७५,००,०००।- (पचहत्तर लाख ),वित्तीय समानीकरण अनुदान तर्फ रु.५२,५४,०००।- (बाउन्न लाख चौवन्न हजार ) र राजश्व बाँडफाँड बाट रु.१,७४,९६,०००।- (एक करोड चौहत्तर लाख छयानब्बे हजार) गरी कुल जम्मा रु. ६०,५७,६८,०००।- (साठीकरोड सन्ताउन्न लाख अठ्सठ्ठी हजार) अनुदान प्राप्त हुने अनुमान गरेकी छु । यस्तै चालु आ.व.को विभिन्न अनुदान शीर्षकमा प्राप्त भएको निकासा रकममा हाँल सम्म खर्च नभई बाँकी रहन गएको मौज्दात रकम रु.७,४१,४०,६०६।९।- (सात करोड एकचालिस हजार छ सय छ रुपेया नब्बे पैंसा ) गरी आ. व. २०७५/०७६ को कुल बजेट रु **६७,९९,०८,६०६।९०** (अक्षेरुपी सत्तसट्ठी करोड उन्नानसय लाख आठ हजार छ सय छ रुपैया नब्बे पैंसा) हुने अनुमान गरेकी छु। बजेटको श्रोतगत आम्दानी **अनुसूचि २** मा समावेश छ।

१९. आ. व. २०७५/०७६ को कुल अनुमानित बजेट मध्ये प्रशासनिक तथा चालुखर्च तर्फ रु.**१४,७७,६१,०००।-** (चौंध करोड सत्तहतर लाख एकसट्टी हजार) र विकास तथा पुजिगत खर्च तर्फ रु.**५३,२१,४७,६०६।०९** ( त्रिपन्न करोड एक्काईस लाख सरचालिस हजार छ सय छ रुपैंया नौ पैंसा ) विनियोजन गरिएको छ। कुल विकास तथा पुजिगत बजेटको क्षेत्रगत विनियोजन निम्न अनुसार रहेको छ।

| | |
|---|---|
| १.आर्थिक विकास | रु.३,५६,८७,०००।०० (तिन करोड छपन्न लाख सतासी हजार ) |
| २.सामाजिक विकास | रु.२४,२४,५२,०००।००(चौविस करोड चौबिस लाख बाउन्न हजार ) |
| ३. पुर्वाधार विकास | रु.२२,५९,२८,६०६।९० (बाईस करोड उन्नानसाठी लाख अठ्ठाईस हजार छ सय छ रुपैंया नब्बे पैंसा ) |
| ४.वातावरण तथा विपद् व्यवस्थापन | रु.४०,९२,०००।-(चालिसलाख बयानब्बे हजार ) |
| ५. संस्थागत विकास, सेवा प्रवाह र शुसासन | रु.२,३९,८८,०००।०० ( दुई करोड उन्नानचालिस हजार अठ्ठासी हजार मात्र) |
| ६.चालु तथा प्रशासनिक खर्च | रु.१४,७७,६१,०००।०० (चौध करोड सत्तहतर लाख एकसट्टी हजार) |

२०. संघिय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रकम रु.२२,४६,००,०००।- (बाईस करोड छयालिस लाख) र र ५ नं. प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको रकम रु.७५,००,०००।-(पचहत्तर लाख) को बजेटमा कार्यक्रम, क्रियाकलाप तथा बजेट रकम नै तोकी पठाएकाले जे जस्तो अवस्थामा नगरपालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको छ, सोही अनुसार नै यस बजेट तथा कार्यक्रम समावेश गरिएको छ।

२१. नगरपालिकाको नगर गौरवका कार्यक्रम अर्न्तगत शुरु भएका सबै योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यसका साथै सबै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेकी छु । यस्तै नगरपालिकाको कार्यालय भवन र नगर सभा भवन निर्माण कार्यका लागि समेत आवश्यक रकम विनियोजन गरिएको छ ।

२२. कोहलपुर नगरक्षेत्रको वडा नं ११ स्थित विच भागमा रहेको गोलपार्कमा एक आधुनिक घण्टाघर स्थापना गरिनेछ। यसका लागी रु.६० लाख रकम यसै बजेटमा विनियोजन गरिएको छ।

२३. कोहलपुर नगरपालिकाको **एकिकृत गुरुयोजना र वडा स्तरिय प्रोफायल** निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

२४. पुर्वाधार विकास तर्फ एक जगेडा समपुरक कोष स्थापना गरिने छ । नेपाल सरकार वा अन्य विकास साझेदार स्वदेशी तथा विदेशी संघ संस्थाबाट साझेदारीमा  विकासका प्रस्ताव प्राप्त भएमा यस कोषबाट रकम खर्च गरी विकास कार्यक्रम सञ्चालन गरिनेछ । विकासमा जनताको साझेदारी विकास गरी तिब्र एवं द्रुत गतिमा विकास गर्ने उदेश्यका लागि यस वर्ष लागत साझेदारी कार्यक्रम संचालनका लागि आवश्यक बजेट ब्यवस्था गरेकी छु ।

२५. कृषि र पशुपालन व्यवसायको विकास, सेवा प्रवाह तथा विस्तार एवं प्रवर्धनका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२६. सवै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूद, संस्कृति, पर्यटन लगाएतका सवै क्षेत्रको विकासका लागि आवश्यक्ता अनुसार बजेट विनियोजन गरिएको छ ।

२७. समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा  लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, अपाङ्ग लगाएतको सशक्तीकरण र विकासका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२८. कोहलपुर नगरमा थारु जातिको बसोबास धेरै भएको, थारु सभ्यता र संस्कृति कोहलपुरको पहिचान समेत भएकोले थारु संग्रहालय निर्माण,थारु संस्कृतिको जगेर्ना तथा **थारु संस्कृतिमा आधारित होम्स्टेका** लागि आवश्यक रकम विनियोजन गरिएको छ । साथै **दलित संग्राहालयको** लागि समेत आवश्यक बजेट विनियोजन गरिएको छ ।

२९. राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राख्न र काम प्रति लगनशिल बनाउनका लागि विगत वर्षहरु देखि नै दिंदै आएको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तालाई निरन्तरता दिईएको छ । ५ नं. प्रदेश सरकारले निर्धारण गरेको जनप्रतिनिधिहरुको सेवासुविधालाई बजेटमा ब्यवस्था गरिएको छ ।

३०. राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै यस वर्ष कोहलपुरमा **संचार ग्रामको निर्माणका** लागि बजेट यथेष्ट विनियोजन गरिएको छ । संचारकर्मीको क्षमता विकासका लागि समेत काम गरिने छ ।

३१. न्यायिक समितिको काम कारवाहीलाई ब्यवस्थित र प्रभावकारी रुपमा बनाउनका लागि यथेष्ट बजेटको ब्यवस्थापन गरिएको छ । उपभोक्ता हक र हितको संरक्षण गर्नका लागि बजार अनुगमन कार्यका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

३२.हरेक वर्ष बाढी तथा डुबान एवं सिक्टा सिचाईको नहरका कारण पानीको प्राकृतिक वहाव थुनिदा समेत धेरै धनजनको क्षति हुने गरेको दुखद अवस्थालाई मनन गरी उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गर्नुका साथै  नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माणमा रु.६५ लाख रकम विनियोजन गरिएको छ ।

३३.वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवर्धनका माध्यमबाट सहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपन, बन विकास, पार्क निर्माण, नर्सरी व्यवस्थापन लगाएतका कार्यका लागि रकम विनियोजन गरिएको छ ।

३४. जनताको प्रत्यक्ष सरोकारसंग संवन्ध राख्ने विषय जनताहरुलाई वडा कार्यालय तथा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो ,चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक छ । अतः कार्यालय तथा वडा कार्यालयहरुको मर्मत सुधार कार्यालय फर्निचर, मेसिनरी, औजार उपकरण, सवारी साधन, अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था  गर्न आवश्यक भएकाले यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यस्तै गरी कार्य संपादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता विकाससंग संवन्धित कार्यक्रमका लागि पनि रकम विनियोजन गरिएको छ ।

३५.कार्यालयलाई वढी भन्दा वढी सेवाग्राही मैत्री बनाउन विभिन्न उपायहरु अवलम्बन गरिनेछ । यसका लागि कार्यालयमा आगन्तुक तथा सेवाग्राहीहरुका लागि सफा पिउने पानीको व्यवस्था, प्रतिक्षालय,  गोलघर,  विद्युतीय सूचना पाटी (Digital Display Board) ,विद्युतीय टोकन प्रणाली,नागरिक सहायता कक्ष(Help Desk),टेलिभिजन, पंखा लगायतको व्यवस्था गरिनेछ  ।

३६. राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउँन कोहलपुर उद्योग व्यापार संघसंग सहकार्य गर्ने रणनीति लिइएको छ। यस अर्न्तगत उद्योग तथा बाणिज्यको प्रवर्द्धनका लागी रकम विनियोजन गरिएको छ।

३७.आन्तरिक श्रोत परिचालन क्षमताको विकासबाट श्रोत साधनको बृद्धि गर्न राजस्व संकलनका लागि विभिन्न सरकारी गैह्रसरकारी संघ संस्था लगाएतसंग सहयोग लिई तथा सहकार्य गरी राजस्व संकलनलाई प्रभावकारी बनाई श्रोतको अभाव हुन नदिन करदाता शिक्षा, करदाता सम्मान लगाएतका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ। यसै आ. व. बाट एकीकृत संपत्तीकर लागु र बहाल बिटौ शुल्क लिई करको दायरा तथा क्षेत्र बृद्धि गरिनेछ।

३८.श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र नगरबासीहरुलाइ सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ। अतः म यसै बजेट बक्तव्यमार्फत कोहलपुर नगरपालिकाका समस्त करदाताहरुमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

३९.नगरबासीहरुका विकासका अनगिन्ती चाहनाहरु बीच सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सवै चाहाना र आवश्यक्ताहरु एकैचोटी संवोधन गर्न सकिने अवस्था रहदैन। प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चतताालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ। आवश्यक्ता र चाहनाहरु क्रमिकरुपमा निरन्तर पुरा हुदै जाने विषय हुन। अतः यस कुरालाई सकारात्मकरुपमा लिनुहुन म सवैमा हार्दिक अनुरोध गर्दछु।

४०.बजेट तर्जुमा संगसंगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो। लक्षित कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा संचालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवैमा म हार्दिक अनुरोध गर्दछु।

**धन्यबाद।**

सञ्जु कुमारी चौधरी
(नगर उपप्रमुख)
कोहलपुर नगरपालिका

## अनुसुचि : ०१

## आन्तरिक राजस्वको लक्ष्य

## आ.व. : २०७५/०७६

| सि.नं. | मुख्य शिर्षकहरु | शिर्षक | आ.व. २०७५/०७६को अनुमान |
|---|---|---|---|
| १ | **स्थानीय कर** | एकीकृत सम्पति कर | २७,५००,०००।०० |
| | | भूमि कर(मालपोत) | ० |
| | | घर धुरी कर | ८००,०००।०० |
| | | बहाल कर | ५००,०००।०० |
| | | व्यवसाय कर | ३,५००,०००।०० |
| | | मनोरञ्जन कर | ५०,०००।०० |
| | | विज्ञापन कर | ५००,०००।०० |
| २ | **अन्य सेवा शुल्क तथा दस्तुर** | दर्ता तथा नविकरण शुल्क (पञ्जिकरण) | १५०,०००।०० |
| | | नक्सा पास दस्तुर | ८,०००,०००।०० |
| | | सिफारिस तथा बक्सौनी दस्तुर | ५,०००,०००।०० |
| | | नाता प्रमाणित दस्तुर | १५५,०००।०० |
| | | अन्य दस्तुर | ६५०,०००।०० |
| ३ | **विक्रि** | निवेदन तथा टिकट दस्तुर | १५०,०००।०० |
| | | निवेदन फारामहरु बिक्रि (नक्शा किताब) | २५०,०००।०० |
| ४ | **अन्य राजश्व** | अन्य बिक्रि | १००,०००।०० |
| | | अन्य स्रोत परिचालन (सक्सन मसिन चार्ज) | १००,०००।०० |
| ५ | **अन्य राजश्व** | दण्ड जरिवाना | ५,०००।०० |
| | | अन्य विविध आय | १००,०००।०० |
| | | बहाल बिटौरी शुल्क | १,३००,०००।०० |
| | | बिक्रि तथा निकासी शुल्क | ५००,०००।०० |
| | | घर जग्गा रजिष्ट्रेशन शुल्क | ७५०,०००।०० |
| | | | |
| **कुल जम्मा राजस्व** | | | ५०,०६०,०००।०० |